# प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।०५।२९

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. ११

## प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेश सरकारको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रदेश सरकारका प्रशासकीय प्रकृतिका काम कारबाहीलाई नियमित र व्यवस्थित गर्न प्रशासकीय कार्यविधि सम्बन्धी कानून बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(ख) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

३. **नियम बनाउने अधिकार**: प्रदेश सरकारले संविधान, संघीय कानून तथा यस ऐनको विपरीत नहुने गरी देहायका विषयसँग सम्बन्धित नियमावली बनाउन सक्नेछः-

(क) प्रशासकीय प्रकृतिका काम, कारबाही नियमित तथा व्यवस्थित गर्न,

(ख) प्रचलित नेपाल कानून बमोजिम नियमावली बनाई कार्य सम्पादन गर्न नसकिने विषयमा,

(ग) प्रदेश सरकारले सम्पादन गर्नु पर्ने अन्य कार्यको लागि आवश्यक पर्ने नियमावली बनाउने।

४. **निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्ने**: प्रदेश सरकारले संविधान, संघीय कानून, प्रदेश कानून तथा यस ऐनको विपरीत नहुने गरी आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय